# शिक्षा लेख सँगालो

(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)

वर्ष २, अङ्क ७, २०६० असार (Jun. 2003)

यस अङ्कमा

**विशेष फिचर**

१) सामुदायिक विद्यालयको सुदृढीकरण विकल्प बन्न सक्छ: राजन शर्मा पृष्ठ २

**फिचरहरू**

२) असमानता बढाउने नतिजा: ध्रुव सिम्खडा पृष्ठ ५

३) फेरि समुदायकै पोल्टामा: हिमनिधि लौडारी पृष्ठ ६

४) पाठ्युस्तकको अभाव: उस्तै छ समस्या: निर्जला कक्षपति पृष्ठ ७

५) शैक्षिक सुधार तर्फको अग्रसरता: कलेन्द्र सेजुवाल पृष्ठ ८

lzIffnfO{ c¿ If]qeGbf sd dxTj lbg gx'g] lgisif{df k'u]sf 5g\ ;dfrf/kqx¿ . oBlk lzIffdf :t/Lo lkmr/ n]vx¿sf] cefj v6\lsPs} 5 . *lzIff kqsf/ ;d"x* n] oxL cefjnfO{ dx;"; u/]/ kqklqsf / cGo ;~rf/ dfWodnfO{ lg/Gt/ ¿kdf lzIffsf ljleGg d'2f ;d]l6Psf lkmr/ n]vx¿sf] ;Fufnf] pknAw u/fpg] cleofg yfn]sf] xf] . ljleGg ;~rf/ dfWoddf ;lqmo eP/ lzIffdf rf;f] /fVg] / :jtGq ¿kdf ;lqmo kqsf/x¿ dfkm{t ;s];Dd :t/Lo n]v ;fdu|L h'6fOg]5 . xfdLn] pknAw u/fPsf] ;fdu|LnfO{ cfkm\gf] kqklqsfdf :yfg lbg'eof] eg] xfdL cfkm\gf] k|of; ;fy{s ePsf] 7fGg]5f}F . o; ;Fufnf]sf ;fdu|L 5flkPkl5 cGtdf lzIff kqsf/ ;d"xnfO{ klg h; lbg'x'g]5 eGg] xfd|f] ljZjf; 5 . k|sflzt ;fdu|Lsf] Psk|lt o; ;d"xnfO{ pknAw u/fOlbg'ePdf xfdLaLrsf] Jofj;flos ;DaGwn] cem emf+lug] df}sf kfpg]5 . :t/Lo lkmr/ ;]jf pknAw u/fpg] xfd|f] k|of; lg/Gt/ /xg]5 .

**lzIff n]v ;Fufnf] Od]ndf pknAw 5 . Od]n k|fKt ug{sf] nflu ;Dks{ ug'{xf]nf .**

सम्पादन ः राजाराम गौतम

kqfrf/sf nflu xfd|f] 7]ufgf


**शिक्षा पत्रकार समूह**

पो.व.नं. २१८४३, फोन/फ्याक्सः ४२५७६५५
अनामनगर, काठमाडौं ।

इमेल : ejg@ntc.net.np

# सामुदायिक विद्यालयको सुदृढीकरण विकल्प बन्न सक्छ

**राजनीतिक संक्रमणको बेगसागै नेपालको शैक्षिक मूलधार अहिले औधी संकटमा छ। चौथाइ बढी हिस्सा ओगट्ने निजी विद्यालयहरू शिक्षामा व्यापारीकरण रोक्ने मूल नारासहित अघि बढेको विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को भ्रातृ संगठन अखिल (क्रान्तिकारी) मात्र हैन, निजीकरणका संवाहक राजनीतिक दलहरूका विद्यार्थी संगठनको प्रहार खेप्न वाध्य छन्। सरकारद्वारा सञ्चालित सामुदायिक विद्यालयहरू भने स्रोत र साधनको अपर्याप्ततावीच निःशुल्क शिक्षाको थप माग झेल्न विवश छन्।**

**राजन शर्मा**

निजी र सार्वजनिक विद्यालयको दीर्घकालीन व्यवस्थापनबारे सरकार स्पष्ट छैन। शैक्षिक आन्दोलन मागहरू तात्कालीक र टलटुले समाधान खोज्न समस्या आएपिच्छे आयोग गठन गर्ने गरेको छ। प्रजातन्त्र पुनःस्थापनापछि झण्डै एक दर्जन आयोग गठन भए पनि तिनका प्रतिवेदनको मूल मर्म पूर्ण रूपमा कार्यान्वयन गर्ने र त्यसको नतिजा हेर्ने प्रवृत्ति सरकारमा छैन।

सरकारले विधिवत् रूपमा निजी शिक्षालय खोल्न अनुमति दिएको साढे दुई दशक बितिसक्दा पनि त्यस्ता विद्यालयहरूको हैसियत प्रष्ट छैन। अनियन्त्रित रूपमा खुलेका निजी विद्यालयहरूले तोक्ने मनोमानी र मौसमी शुल्कको बोझ बोर्डिङ्ग' शिक्षा प्रति आकर्षित मध्यम वर्गमाथि थोपरिएको छ। शिक्षा मन्त्रालयद्वारा गठित निजी क्षेत्रका विद्यालयहरूको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ ले भनेको छ "अभिभावकहरूले निजी क्षेत्रका विद्यालयहरूलाई दशौं हजार शुल्क बुझाएका आधारमा वर्षको करोडौं रकम जनताबाट यी विद्यालयहरूमा लगानी भएको मान्न सकिन्छ। तर यस किसिमको लगानीलाई उक्त विद्यालयका सञ्चालकहरूले इमान्दारीपूर्वक सदुपयोग गरेका छैनन्।"

एसियाली विकास बैंक र बेलायत अन्तर्राष्ट्रिय विकास नियोग लगायतका दाताहरूद्वारा तयार पारिएको "सेकेण्डरी एजुकेशन एक्सन प्लान, १९९७ २००२" ले निजी विद्यालयहरू सहर केन्द्रित भएको उल्लेख गर्दै यस्ता विद्यालयहरूको नियमनको लागि कुनै प्रभावकारी संयन्त्र नभएको दावी गरेको छ। "निजी विद्यालय खोल्ने आवश्यकता, स्कुलको म्यापिङ र न्यूनतम आधारभूत सुविधा नहेरीकनै अनुमति दिइने गरेको छ" एक्सन प्लानले यस्ता विद्यालयहरूमाथि सरकारी अनुगमन र सुपरीवेक्षण अत्यन्त कमजोर भएको निर्ष्कष निकालेको छ।

निजी विद्यालयहरूमाथि शिक्षा मन्त्रालयको अंकुश कमजोर हुनुले सामुदायिक विद्यालयको मनोवल निरन्तर रूपमा खस्कँदै गएको छ। हुने खाने र प्रभावशाली'का छोराछोरी मात्र पठाउने निजी विद्यालयहरू मन्त्रालयको नीति निर्माण तहमा आफ्नो पर्याप्त पहुँच पुऱ्याउन सक्षम छन्।

**नेपाल : नौलो प्रयोगशाला** !

निजी विद्यालयहरूको मूलसंकट स्वामित्वसँग जोडिएको छ। अधिकांश निजी विद्यालय व्यक्तिको लगानी र स्वामित्वमा संचालित छन्। व्यक्तिगत लगानी अर्थात नाफा पहिलो शर्त । त्यसैले लगानीको प्रतिफल पनि व्यक्तिगत नै। विद्यालय भवन निर्माणदेखि शौचालय मर्मतसम्मको खर्च शुल्क नाममा विद्यार्थीहरूबाट असुल्नु त्यसैको परिणति हो।

यद्यपि विकसित र विकासोन्मुख विश्वका सबैजसो मुलकमा निजी विद्यालयहरू अस्तित्वमा छन्। तर त्यस्ता विद्यालय सार्वजनिक शिक्षा र सरकारी विद्यालयको विकल्प होइन पूरक बनेका छन्। थाइल्याण्डमा सरकारी विद्यालयमा छोराछोरी पढाउन पाउनु गौरवको विषय मानिन्छ। क्यानडा, संयुक्त राज्य अमेरिका जस्ता मुलुकमा निजी विद्यालय संचालनमा समुदाय संलग्न छ। समुदायबाट संचालित त्यस्ता निजी विद्यालयको आम्दानी विद्यालयमै खर्च हुन्छ।

शिक्षाविद् प्रा.डा. मनप्रसाद वाग्लेको विचारमा विद्यालयलाई उद्योगका रूपमा कम्पनीमा दर्ता गर्न शिक्षा ऐनले अनुमति दिनु नै समस्याको जड हो। नाफा नोक्सानमूलक उद्योगले सेवा दिन सक्दैन। कम्पनीकृत शिक्षा सामाजिक न्यायबाट विमुख हुन्छ। निजीकरण र सामाजिक न्यायलाई एक अर्कामा आबद्ध गरेर लैजान नसक्दा हुने खानेका लागि मात्र स्तरीय शिक्षाको अवसर जुट्न पुगेको छ भने ऐन/नियमको प्रावधानबाटै आर्थिक सम्पन्नता र विपन्नताको पर्खालले कलिला बालबालिका दुई अलग अलग वर्गमा विभक्त भएका छन्।

दक्षिण एशियामै सबैभन्दा बढी साक्षरता दर भएको श्रीलंकामा निजी शिक्षालयहरू अस्तित्वमा छैनन्। तीन दशकदेखि गृहयुद्धमा फसे पनि श्रीलंकाले विद्यालय शिक्षा निःशुल्क गर्ने नीति अनुरूप सरकारी खर्चको सबैभन्दा ठूलो हिस्सा शिक्षामै लगाएको छ।

शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता जनताका न्यूनतम आधारभूत क्षेत्रमा निजी क्षेत्रलाई कसरी संलग्न गराउने भन्नेमा सरकारको स्पष्ट नीति हुनुपर्छ। शिक्षा (सातौं संशोधन) ऐनले नै बजार अर्थतन्त्रको मान्यता अनुरूप विद्यालयरूपी उद्योग' खोल्न छुट दिने र प्रतिफल चाहिँ सेवा उद्योगको खोज्ने सरकारको नीति आफैंमा गलत छ।

**अस्तित्वको प्रश्नको निपटारा :**

नेपालको शैक्षिक क्षेत्रमा अहिले देखिएको सवैभन्दा चर्को समस्या स्तरीयताको अभाव र बढ्दो विषमता नै हो। निजी विद्यालयहरूले शहर र सीमित वर्गमै भए पनि तुलनात्मक रूपमा गुणात्मक शिक्षा दिएका छन् । निजी विद्यालयहरूको औचित्य यस अर्थमा जीवित छ । जनयुद्धका सुरूका वर्षहरूमा विद्यालय नै बन्द गर्न उद्यत अखिल (क्रान्तिकारी) पछिल्लो चरणमा शुल्क घटाउने र सार्वजनिक शिक्षालयसँगको विषमता हटाउने मुद्दामा केन्द्रित हुनुले यो कुराको पुष्टि गर्छ ।

पछिल्ला शैक्षिक आन्दोलनहरूले निजी विद्यालयहरूलाई कम्पनी ऐन अन्तर्गत दर्ता तथा सञ्चालन गर्ने व्यवस्थाको खारेजीको माग चर्को रूपमा अगाडि सारेका छन्। आठ हजार पाँच सय बढी निजी विद्यालयहरूको छाता संगठन प्याब्सनले स्वयं रूपान्तरणको लागि सकारोक्ति व्यक्त गरेकोबेला विद्यालयहरूलाई ट्रस्टका रूपमा दर्ता गर्ने व्यवस्था गर्ने मौका सरकारले समेत पाएको छ। निजी विद्यालयहरूलाई स्वायत्तता दिइनुपर्ने मागमा अडिग प्याब्सन जस्ता संस्थाहरू समेत पछिल्लो चरणमा आएर आफूहरू सेवा उद्योगका रूपमा संस्थापित हुने मनसाय व्यक्त गर्नुले अहिले समस्या समाधानको राम्रो अवसर दिएको छ। "व्यक्तिगत स्वामित्वमा रहेका निजी विद्यालय ट्रष्टमा जान चाहन्छन्" प्याब्सनका अध्यक्ष उमेश श्रेष्ठ का अनुसार निजी विद्यालयहरू रूपान्तरण का लागी समय चाहन्छन् ।

नेपालमा जुनसुकै नाम र शैलीमा हुने गरेका शैक्षिक आन्दोलनको अन्तिम चुरो शिक्षामा सबै वर्ग र समुदायको समान र सुलभ पहुँच नै हो। प्रजातन्त्र पुनःस्थापनापछिको एक दशकमै विद्यालयसम्मको पहुँचमा अभूतपूर्व विकास हुनु तर गुणस्तरमा त्यही दरमा ह्रास हुनुले निजी विद्यालयले आफूलाई स्थापित गर्ने मौका पाएका हुन्। "सरकारी विद्यालयको स्तर घट्यो र पर्चेजिङ पावर (क्रयक्षमता) नभएका मानिसहरू पनि निजी स्कुलतर्फ लागे" प्याब्सन अध्यक्ष श्रेष्ठले शैक्षिक आन्दोलनहरू माथिको तीखो टिप्पणी गर्नुभयो। क्रयक्षमता कम भएका मानिसहरू पनि बोर्डिङप्रति आकर्षिक हुनुलाई सामुदायिक विद्यालयको गुणस्तरमा आएको ह्रास एउटा प्रमुख कारक त हो नै। तर, यसको दूरगामी प्रभाव वर्गीय शिक्षाबाट मुक्त हुने निम्न मध्यमवर्गको छट्पटाहट हो ।

**विद्यालयको स्तरीकरण कि निःशुल्क शिक्षा ?**

निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा क्रमशः विश्वव्यापी हुँदैछ। आधारभूत शिक्षा नागरिकको जन्मसिद्ध अधिकार पनि हो। तर शिक्षालाई सार्वजनिक र अनिवार्य गर्न सरकारले मात्र सक्छ। नेपालमा २०३२ सालमा श्री ५ वीरेन्द्रको राज्यारोहणको पाँचौं वर्ष पारेर निःशुल्क प्राथमिक शिक्षा (तीन कक्षासम्म) घोषणा गरिएको थियो। जसमा ट्यूसन फी वाहेक अन्य कुनै सुविधा निःशुल्क थिएनन् ।

प्रजातन्त्र पुनःस्थापनापछि निःशुल्क शिक्षाको अभियानले गति लियो तर, कुन तहसम्म निःशुल्क गर्दा राज्यले आर्थिक व्ययभार बहन गर्न सक्छ भन्ने बारेमा कुनै पनि सरकारले गृहकार्य गरेनन्। बरू त्यस अवधिमा अधिकांश समय सत्तामा रहेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच राजनीतिक उद्देश्यले प्रेरित भएर सकेसम्म माथिल्लो कक्षासम्म निःशुल्क शिक्षा दिने होड नै चल्यो ।

सामाजिक र राजनीतिक संक्रमणको तीब्रतासंगै शिक्षामा वर्गीय विभेद विरूद्धको आन्दोलनको गति मत्थर हुने संकेत देखिँदैन। मुलुकको शिक्षा प्रशासनले यो वर्गीय खाडल कम गर्ने अल्पकालिक र दीर्घकालिक दुबै खाले सुधार गर्नै पर्छ। दीर्घकालीक समाधानका लागि भने शुल्क व्यवस्थापन गौण पक्ष हो। शैक्षिक आन्दोलनको चुरोका रूपमा रहेको निःशुल्क शिक्षाको विषयमा राज्यले स्वयंले उद्बोधन नगरेसम्म यो र त्यो स्वरूपमा शैक्षिक आन्दोलन जारी रहन सक्छ ।

अखिल (क्रान्तिकारी)ले नेपालको शैक्षिक इतिहासमै अधिराज्यका पैंतीस हजार बढी विद्यालय एकैपटक बन्द गर्न वाध्य बनाएको स्थितिमा समस्या समाधानका लागि सरकारद्वारा गठित शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमितिका सदस्य समेत रहनुभएका शिक्षाविद् डा.वाग्ले वर्तमान अन्यौलको दीर्घकालीक समाधानको एक बुँदे समाधान निश्चित तहसम्मको निःशुल्क शिक्षाले मात्र हुन सक्ने दावी गर्नुहुन्छ। प्राथमिक तहमा निजी स्कुल चलाउन पाइँदैन, प्रा.डा.वाग्लेले उच्चस्तरीय कार्यदलको प्रतिवेदनको सारप्रति संकेत गर्दै भन्नुभयो राज्यले प्राथमिक तहमा सामुदायिक विद्यालयमा प्रति विद्यार्थी दिने गरेको अनुदान संस्थागत (निजी) विद्यालयमा दिने हो भने प्राथमिक तह निःशुल्क हुन सक्छ ।

कार्यसमितिको प्रतिवेदनले संस्थागत विद्यालयमा समेत प्राथमिक शिक्षा निःशुल्क गर्नुपर्दा राज्यले वार्षिक २ अर्ब रूपैयाँ थप व्ययभार बोक्नुपर्ने अनुमान गरेको छ। तर शैक्षिक आन्दोलन प्राथमिक तहबाट उठेर निःशुल्क माध्यमिक शिक्षाको चरणमा पुगेको छ। आन्दोलनरत विद्यार्थी संगठनहरूले अनिवार्य शैक्षिक करको व्यवस्था गरेर राज्यले माध्यामिक शिक्षा निःशुल्क गर्न माग गरेका छन् ।

पछिल्लो पटक गठित संस्थागत विद्यालय शुल्क निर्धारण तथा सुझाव समितिका संयोजक जयराम गिरी निजी विद्यालयको शुल्क कटौतीबाट मात्र वर्तमान शैक्षिक अन्यौल समाप्त नहुने बताउनु हुन्छ। "शिक्षामा राज्यको दायित्व र सीमारेखा प्रष्ट नभएसम्म समग्र विकास असम्भव हुन्छ।" सक्नेहरूले मात्र निजी विद्यालयम पढाउन पाउने भएपछि राज्यको सवाल गौण भएको उहाँको ठहर छ। यद्यपि गिरि समितिको प्रतिवेदनले पनि निजी विद्यालयहरूले लागत अनुसार शुल्क असुल्न पाउनुपर्ने

सुझाव दिएर व्यापारीकरणलाई थप टेवा दिएको छ। समितिले विद्यालयलाई कम्पनी रूपमा दर्ता गर्न रोक लगाउन सुझाव दिए पनि प्याब्सनले विगतमा आफैँले शुल्क कटौतीमा तय गरेका कतिपय बन्धनकारी प्रावधानलाई समेत खुला गरिदिएको छ।

सरकारले सामुदायिक विद्यालयको गुणस्तर बढाउन नसकेपनि निजी विद्यालयको दुरूपयोग हुन दिनु हुँदैन', नेपालको शैक्षिक इतिहासका अध्येताहरू शिक्षामा वर्गीय विभेदको कारक शिक्षा मन्त्रालयलाई ठान्छन्। शिक्षा मन्त्रालय नियम बनाउँछ कार्यान्वयन गर्न सक्दैन उनीहरूको ठहर छ आखिर यो दुरावस्था हुँदासम्म थाहै नपाएजस्तो व्यवहार गरिरहेको छ।

निजी विद्यालयको हैसियतले राजधानीमै सञ्चालित महेन्द्र भवन कन्या माध्यमिक विद्यालय वर्तमान अन्योलको स्थितिमा समाधानको नमूना बन्न सक्छ। पब्लिक ट्रष्ट' अन्तर्गत सञ्चालित उक्त विद्यालयले सरकारद्वारा सञ्चालित सामुदायिक विद्यालयकै हाराहारीमा शुल्क लिने गरेको छ भने पाठ्यपुस्तक र पाठ्यक्रम औसत निजी विद्यालय सरह छ। विद्यालयका प्रधानाध्यापिका मनोरमा राणा पब्लक ट्रस्ट'मा जान चाहनेहरू सबैलाई जान दिनुपर्ने बताउनुहुन्छ।

निजी विद्यालयहरू पनि सबैको एकै स्थिति छैन। कतिपय विद्यालयले विद्यार्थीहरूबाट लिएको सुरक्षा डिपोजिट' रकम शिक्षकको तलव र घरभाडामा खर्चिनुपर्ने अवस्था छ। निश्चित रूपमा त्यस्ता विद्यालयहरूको शुल्क चर्को छैन। तर अधिकांश विद्यालयहरूलाई महेन्द्र भवनको आदर्शको नजिक ल्याउन सकिन्छ। हाम्रै लागतमा गरून् न !' प्रधानाध्यापिका राणा चुनौती दिनुहुन्छ।

शिक्षाविद् डा.तीर्थ खनियाँ वर्तमान शैक्षिक अन्यौलको तात्कालिक समाधान शिक्षा (सातौं संशोधन) ऐन भित्रैबाट खोज्न सकिने विश्वास व्यक्त गर्नुहुन्छ। सातौं संशोधनले सामुदायिक विद्यालयको प्रथामिक तह निःशुल्क गरी त्यस अघि स्थानीय निकायको सहयोगमा शिशु विकास कार्यक्रम लागू गर्ने प्रावधान निजी विद्यालयसँगको विभेद कम गर्ने उद्देश्यबाट प्रेरित भएको उहाँको दावी छ।

शुल्क निर्धारणदेखि व्यवस्थापनसम्ममा निजी विद्यालयको मनोमानी रोक्न विद्यमान शिक्षा ऐन र नियमावली नै काफी छ डा. खनियाले भन्नुभयो निजी विद्यालयको शुल्क शिक्षक र अभिभावक सहितको सहमतिमा तोक्ने व्यवस्था गर्ने हो भने पुग्छ। सम्बद्ध पक्षहरू आफै बसेर तय गरेपछि जसको क्रय क्षमता जति छ त्यति नै शुल्क तोकिन्छ। तर शिक्षा ऐन एकातिर निजी विद्यालय व्यवस्थापनमा सरकारले तदारूकता देखाउन खोजेको छ। तर ती विद्यालयका व्यवस्थापन समितिको व्यवस्था भने खकुलो छोडेको छ।

**निःशुल्क माध्यमिक शिक्षा : प्रतिगामी कदम ?**

प्राथमिक देखि माध्यमिक तहसम्मका सामुदायिक विद्यालयको विद्यार्थी भर्नादर र वीचैमा कक्षा छोड्ने प्रवृत्ति हेर्दा विपन्न र दलित वर्गका बालबालिकाको संख्या कक्षा बढेपिच्छे घट्दै गएको छ। विपन्न र दलित वर्गका अधिकांश बालबालिका प्राथमिकभन्दा माथि जानै नसक्ने स्थिति छ। "प्राथमिकबाट जतिजति माथि जान्छ, सहरिया मध्यमवर्गको बाहुल्य बढेको पाइन्छ," शिक्षाविद् तथा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति प्रा.डा.कमलप्रकाश मल्ल भन्नुहुन्छ "नेपालको अहिलेकै सामाजिक आर्थिक स्थितिमा एकैचोटि माध्यमिक तहसम्म निःशुल्क गर्न खोज्नु प्रतिगामी कदम हो।"

अहिले माध्यमिक विद्यालयसम्म निःशुल्क गरेर पनि विपन्न, दलित र महिला वर्गलाई ठूलो फाइदा पुग्दैन, डा.मल्लले भन्नुभयो बहुसंख्यक गरिवबाट कर उठाएर मध्यम र उच्च वर्गलाई सुविधा पुऱ्याउनु उचित हुँदैन। अधिराज्यका २३ हजार बढी प्राथमिक विद्यालयहरूको स्तरीकरणको पक्षमा हुनुहुन्छ। राज्यले पहिले सामुदायिक प्राथमिक विद्यालयकै पाठ्यक्रम, पाठ्यपुस्तक, व्यवस्थापन र शिक्षमा सुधार गरेर निजी विद्यालयको स्तरमा पुऱ्याउनतिर सक्रिय हुनुपर्छ" उहाँले भन्नुभयो।

विश्व परिवेश पनि निश्चित तहपछिको शिक्षामा प्रतिफल खोज्ने बाटोमा छ। जनवादी शिक्षाको उद्गम स्थलकै रूपमा मानिने चीनले सन् १९८५ ८६ मा पेइचिङ विश्वविद्यालयबाट केवल २ प्रतिशत आर्थिक लगानी असुली गर्थ्यो भने सन् २०१० सम्ममा उक्त असुली ३० प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोछ। निःशुल्क शिक्षाका लागि प्रतिवद्ध श्रीलंकाले विद्यालय शिक्षा उत्तीर्ण गरेका ६ प्रतिशतलाई मात्र निःशुल्क उच्च शिक्षा दिने नीति लागू गरेकोछ भने भारतले विद्यालय शिक्षाबाट २३ प्रतिशत असुली गर्छ। लगभग यस्तै प्रवृत्ति बंगलादेश अरू एशियाली मुलुकहरूमा पनि पाइन्छ।

सामाजिक, आर्थिक सूचांकको हिसावले नेपाल दक्षिण एशियामा लगभग तेस्रो स्थानमा छ। एशिया र विश्वकै सन्दर्भमा हामी निकै पछि छौं। यसर्थ हामी एकातिर विश्व परिवेशभन्दा टाढा जान सक्दैनौं, अर्कोतर्फ मुलुक सामु उपस्थित शैक्षिक कम राजनीतिक नारालाई पनि कम आँक्न सकिँदैन।

शिक्षालाई सर्वसुलभ, निःशुल्क र अनिवार्य गराइनेछ' विद्रोही माओवादीको ७५ बुँदे कार्यक्रममा समेटिएको यो बुँदा माओवादी कार्यक्रमभन्दा पनि उनीहरूको नारा मुलुकका बहुसंख्यक मध्यमवर्गसम्म लैजाने अचुक उपाय हो। राज्यले शिक्षामाथिको निरन्तर प्रहार थेग्न माओवादीको राजनीतिक नारालाई परास्त गर्न सक्ने कार्यक्रम दिनैपर्छ। यसबाट एकतहसम्मको निःशुल्क शिक्षा दिने संविधानको भावनाप्रति राज्य प्रतिवद्ध भएको झल्किन सक्छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# असमानता बढाउने नतिजा

**प्रवेशिका परीक्षामा अनुत्तीर्ण हुने एक लाख भन्दा बढी तरूणहरूलाई राज्यले मुलुकको हितमा कसरी सहभागी गराउने भन्ने सोच सरकारसग छैन ।**

**ध्रुव सिम्खडा**

यसपटकको एसएलसी परीक्षामा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका धेरै विद्यार्थी उत्तीर्ण भए । करिव १० प्रतिशतको हाराहारीमा नतिजा सरकारी विद्यालयको पक्षमा रह्यो भने बाँकी सम्पूर्ण सफलता निजी क्षेत्रका विद्यालयको पोल्टामा गयो । एसएलसी परीक्षामा सरकारी विद्यालयको सफलता न्यून देखिनुको कारण के हो ? के यसपटकको नतिजा मात्रै यस्तो आएको हो ? विगत ३ शैक्षिक सत्र यता करिव ३० प्रतिशतकै सेरोफेरोमा एसएलसीको नतिजा आएको छ र त्यसमा पनि बढी सफलता निजी क्षत्रेले नै पाउने गरेको छ । शिक्षाविद्हरुको भनाइमा यसरी निजी र सरकारी विद्यार्थीबीचको भिन्नता, नतिजा थोरै आउनुको कारण खोजिनुपर्ने बताउँछन् ।

त्यसो त एस.एल.सी. परीक्षा २०५९ मा सम्मिलित परीक्षार्थीहरूमध्ये एक तिहाई मात्र उत्तीर्ण भएका छन् । सो परीक्षाको नियमिततर्फ १ लाख ७० हजार ३ सय ८९ जना परीक्षार्थी सम्मिलित भएकोमा ५४ हजार ६ सय ७ जना मात्र सफल भएका छन् । उता एक्जेक्टेडतर्फ सम्मिलित ६० हजार ४ सय ८९ मा उत्तीर्ण हुने विद्यँर्थीको सङ्ख्या ३ हजार ८ सय १ मात्र छ ।

यसरी एसएल्सी परीक्षामा ३२.५ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण हुन पुगेपछि बाँकी दुई तिहाईको जीवन निराशामा परिणत भएको छ । तिनका लागि १० वर्षसम्मको परिश्रम, अभिभावकको र सरकारको लगानी बालुवामा पानी हाले सरह बन्न पुगेको छ । भविष्यमा मुलुकको हितका निम्ति खटिने यति धेरै तरूणहरूको शैक्षिक यात्रा फलामे ढोका' मानिने एस्एल्सीबाट अघि बढ्न सकेन । यति मात्र होइन, एस्एलसीको परिणामले सरकार र तिनका नीति निर्माताहरूको गलत शिक्षा नीतिको पर्दाफास समेत गरेको छ ।

परीक्षा नियन्त्रण कार्यालय भने समयमा नतिजा प्रकाशित गर्न सकेकोमा खुसी छ । जब कि उसले सार्वजनिक विद्यालयका दुई तिहाई विद्यार्थी असफल भएकोमा अहिलेसम्म ध्यान पुर्‍याएको देखिँदैन । त्यसो त सरकारी नीति निर्माता मन्त्री तथा धनाढ्य वर्गका छोराछोरी सार्वजनिक स्कुलमा पढ्दैनन् । त्यसैले यस वर्गको लागि सरकारी विद्यालय बिग्रे पनि, भत्के पनि त्यति ठूलो सरोकार रहँदैन । अहिलेका वर्षहरूमा निकै कमजोर देखिएका सार्वजनिक विद्यालयहरूको विगत यति निराशाजनक थिएन । एक त निजी स्कुलहरू त्यसबेला कम थिए । त्यसबेलाका सार्वजनिक स्कुलका उत्पादन नै आजसम्म मुलुकको उच्च ओहोदामा आसिन छन् ।

अधिकांश जनताका छोराछोरीले पढ्ने सार्वजनिक स्कुलहरू दयनीय अवस्थामा पुगेका बेलामा पनि प्रशस्त लगानीमा चलेका निजीक्षेत्रका महङ्गा स्कुलहरूको स्तरसित प्रतिस्पर्धा गर्दैछन् । आफूलाई यस्तै कोटीमा दर्ज गर्न सफल तरूण माध्यमिक विद्यालय बालाजुका प्रधानाध्यापक उदय श्रेष्ठ भन्छन् "निजी क्षेत्रमा सञ्चालित विद्यालयमा लगानी बढी छ, व्यवस्थापनको अनुगमन र नियन्त्रण दुवै सशक्त छ ।" सार्वजनिक विद्यालयको स्तर वृद्धि गर्न राजनीति बन्द गरी अनुगमन र नियन्त्रणलाई सशक्त गरिनु पर्ने प्रधानाध्यापक श्रेष्ठको सुझाव छ । निजी स्कुलको तुलनामा सार्वजनिक स्कुलहरूको गुणस्तर खस्किनुमा परीक्षामा फेल भएका विद्यार्थीलाई ५ अङ्क बक्सिस (ग्रेस) दिएर पास गराउने परिपाटी प्रश्नपत्र नै निजी स्कुलको फेवरमा तयार हुने गरेको आशङ्का समेत शिक्षाविद्हरूले गर्न थालेका छन् ।

गएको तीन वर्षदेखि नै एस्एल्सी नतिजामा सरकारी विद्यालयको परिणाम निजी विद्यालयकोभन्दा निराशाजनक देखिँदै आएको परीक्षा नियन्त्रण कार्यालयको नतिजा तथ्याङ्कले सिद्ध गरेको छ । यस वर्ष प्रकाशित एस्एल्सी नतिजामा अधिराज्यका थुप्रै सरकारी विद्यालयको परिणाम शून्यमा झरेको छ । महोत्तरीमा ५, इलाममा ६, दाङ्मा २, म्याग्दीमा ८ सरकारी विद्यालयको परिणाम शून्य रहेको सम्बन्धित जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख छ । यस्तै, रूपन्देही, रामेछाप र धनकुटा जिल्लाका केही विद्यालयहरूका परिणाम पनि शुन्यमा झरेको सम्बन्धित जिल्ला शिक्षा कार्यालयको रेकर्डमा उल्लेख छ ।

एकातिर सरकारले शिक्षा क्षेत्रलाई महत्व दिएर वार्षिक बजेटको १३ प्रतिशत रकम बिनियोजन गरेको छ । अर्कोतिर शिक्षाको गुणस्तर सुधार गर्न भनि विभिन्न परियोजनाहरूमार्फत अर्बौं रूपियाँ खर्च गरिरहेको छ । तर, अहिलेसम्मको अनुभवले यी सबै लगानी करिब करिब निरर्थक सावित गरेको छ । माध्यमिक शिक्षा सुधारका २ वटा परियोजना पूरा भैसकेका छन् । प्राथमिक शिक्षा परियोजना लागू भएको पनि झण्डै डेढ दशक बितिसकेको छ । तर, यी परियोजनाहरूबाट मुलुकको शिक्षास्तर सप्रनुको सट्टा झन् झन् विग्रदै गएको एस्एल्सी परीक्षाको परिणामले देखाएको छ । सरकारी विद्यालयको परीक्षा परिणाममुखी नहुनुमा कमजोर परीक्षा प्रणाली पनि उत्तिकै जिम्मेवार छ । सार्वजनिक विद्यालयका विद्यार्थीमा परीक्षाका बेला मात्रै पढ्ने र गेसपेपरमा निर्भर रहने बानीको परिणाम झन् अगतिलो बन्दै गएको हो ।

एस.एल.सी. परिणाम हेर्दा निजी र सरकारी क्षेत्रको शैक्षिक स्तरमा ठूलो खाडल देखिएको छ। यस किसिमको असमानता बढ्दो क्रममा छ। अहिले के देखिदैछ भने राज्य स्वयं नै समाजमा विषमता सिर्जना गर्दैछ। सम्पन्न र विपन्न वर्गको खाडल त समाजमा छँदैछ, साथै राज्यले नै शिक्षामा गुणस्तरीय र गुणस्तरहीन वर्ग तयार गरिरहेको छ। २०५९ सालको एस्एल्सीमा नियमित र एक्जेम्टेड दुवैतर्फ १ लाख ७२ हजार ४ सय ५२ जना अनुत्तिर्ण हुन पुगे। यति ठूलो संख्यामा अनुत्तीर्ण युवा जमातलाई मुलुकको हितमा कसरी सहभागी गराउने भन्ने नीति पनि सरकारसँग छैन। त्यसकारण शिक्षाविद्हरू विगत ७ वर्षदेखि मुलुकमा जारी विद्रोहलाई जानी जानी राज्य स्वयं लगानी गरिरहेका ठान्छन्। उनीहरूका अनुसार, सरकारले यसमा चाँडोभन्दा चाँडो उचित ध्यान नदिने हो भने हरेक वर्ष झण्डै १ लाखको हाराहारीमा अर्ध शिक्षित तरूणहरू राज्यविरूद्ध बिद्रोहमा सहभागी बन्न सक्नेछन्। यो डरलाग्दो सम्भावित परिणतितर्फ राज्यको आँखा पुग्नुपर्छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# फेरि समुदायकै पोल्टामा

**०२८ साल अघि समुदायबाटै सञ्चालित पोखराको शितलादेवी प्रावि सरकारले विद्यालय समुदायलाई हस्तान्तरण गर्ने नीति लिएपछि फेरि समुदायकै संरक्षणमा हुर्किंदै छ।**

**हिमनिधि लौडारी**

पोखरा उप महानगरपालिका वडा नं. १२ माटेपानीमा रहेको शीतलादेवी सामुदायिक प्राथमिक विद्यालयमा स्थानीय बालबालिका पढ्दैनन्। अन्यत्रबाट पोखरा आई ज्याला मजदुरी गर्ने मजदुरका छोराछोरी नै त्यहाँका विद्यार्थी हुन्। धेरै वर्ष माटेपानी प्राविको नाममा सरकारी अनुदानबाट सञ्चालित सो विद्यालय सञ्चालनको जिम्मा ०५९ साल पुसबाट स्थानीय समुदायले लिएको छ। सो विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टिका कार्की भन्छन्, "स्थानीय वासिन्दाको बेवास्ताकै कारण वेवारिसे भइरहेको यस विद्यालयको शैक्षिक, भौतिक पूर्वाधार विकास गरी स्थानीयवासीका छोराछोरीलाई पनि सस्तो र सुलभ तरिकाले स्तरीय शिक्षा दिने सोंचका साथ समुदायले उक्त विद्यालय जिम्मा लिएको हो।"

ब्राम्हण, क्षेत्री र गुरूङ समुदायको बाहुल्यता रहेको पोखराको मुख्य बजार माटेपानीका अधिकांश स्थानीय वासिन्दाहरू हुनेखानेमा गनिन्छन्। सायद त्यसैले हुनुपर्छ, उनीहरू आफ्ना छोराछोरी निजी क्षेत्रबाट सञ्चालित बोर्डिङ स्कुलमा पढाउँछन्। आदर्श, सिद्धार्थ र हिलप्वाइन्ट मावि स्तरका ३ वटा निजी स्कूलहरू सो क्षेत्रमा छन्। सरकारी विद्यालयमा भौतिक सुविधा कम र शैक्षिक गुणस्तर कमजोर रहेका कारण हामीले हाम्रा छोराछोरी पढाउन अन्यत्र लैजानुपर्‍यो' स्थानीय अभिभावक भेषराज आचार्य भन्छन्।

निजी विद्यालयको आगमनको मारबाट माटेपानी प्रा.वि. पनि अछुतो रहन सकेन। "निजी विद्यालयप्रतिको आकर्षणको कारण नै तत्कालीन नगरपञ्चायतको अनुदानबाट सञ्चालन भइरहेको यस विद्यालयप्रति पनि सबैको बेवास्ता रह्यो" स्थानीय शिक्षासेवी हरि कार्कीको अनुभव छ। स्थानीय वासिन्दाको बेवास्ताकै कारण विद्यालयको नाममा रहेको १७ रोपनी जमिन मिचिंदा मिचिंदै हाल ९ रोपनीमा सीमित रहेको छ।

त्यहाँका स्थानीय वासिन्दाहरू आफ्ना छोराछोरी नपढ्ने भए पनि विद्यालयको भौतिक, शैक्षिक पूर्वाधार खडा गर्न तम्सिएका छन्। विपन्न वर्गका छोराछोरीले पनि स्तरीय शिक्षा पाउनुपर्छ भन्ने उनीहरूको मान्यता छ। १२ सय ८१ जना स्थानीय व्यक्तिले उक्त विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर वृद्धिको चन्दा समेत दिएका छन्। समुदायकै तिनै दातामध्येबाटै व्यवस्थापन समिति समेत गठन गरिएको छ। शिक्षा ऐन २०२८को सातौं संशोधनमा शिक्षामा समुदायको सहभागितालाई बढाउने ध्येयले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष अभिभावकमध्येबाटै सम्बन्धित विद्यालयका अभिभावकहरूले चयन गरेको हुनुपर्ने व्यवस्था गरिए पनि व्यवस्थापन समिति गठन सो प्रक्रिया पुर्‍याएर गर्न सकिनेअवस्था छैन। विद्यालयका प्रधानाध्यापक गोविन्दप्रसाद सिग्देलका अनुसार, वास्तविक अभिभावक मजदुर र न्यून आय भएका कारण उनीहरूलाई ज्याला मजदुरीबाटै फुर्सद छैन। आफ्नै छोराछोरी पढ्ने भए पनि विद्यालयप्रति उनीहरूको चासो छैन। विद्यालयको गतिविधिवारे जानकारी लिन अभिभावकहरू कहिल्यै विद्यालय आउँदैन्।

कक्षा ५ सम्म पढाइ भइरहेको सो विद्यालय अहिले २ सय ५ जना विद्यार्थी छन्। त्यसमध्ये अधिकांश छात्रा छन्। स्कुल पोशाकको व्यवस्था अभिभावकले गरिदिने गरी सबैलाई निःशुल्क पढाइएको छ। समुदायले जिम्मा लिएपछि विद्यालय सुधारका प्रयास सुरू हुन थालेका छन्। वि.सं. १९८२ स्थापित सो विद्यालय सुरूका दिनमा छाप्रोमा सञ्चालित भए पनि हाल आफ्नै पक्की भवन बनाइएको छ। "आगामी शैक्षिक सत्रबाटै अंग्रेजी माध्यमबाट पढाइ पनि शुरू गर्दछौं" अध्यक्ष कार्की भन्छन् "विस्तारै विस्तारै यस विद्यालयलाई उच्च मावि तहसम्म विस्तार गर्ने सोच राखेका छौं।"

वि.सं. २०२८ सालमा नयाँ शिक्षा योजना पद्धति लागू हुनुपूर्व समुदायबाटै सञ्चालित सोविद्यालय त्यसपछि अधिराज्यका अन्य सरकारी विद्यालयमा झैं अद्योगतितर्फ उन्मुख भएको स्थानीयवासी बताउँछन्। त्यस अघिसम्म यो विद्यालय "काहूँ कुँडहर

भाषा पाठशाला" को नामबाट समुदायबाटै सञ्चालित रहेको थियो। कुनै समयमा विन्ध्यवासिनी भाषा पाठशाला र यो पाठशालाबाहेक कास्कीमा अन्य विद्यालय थिएनन्। त्यसैले त्यहाँ विद्या आर्जन गर्न आउनेको धुइरो लाग्ने गर्दथ्यो। त्यही विद्यालयमा अध्ययन गरेका कतिपय विद्यार्थीहरू राष्ट्रको उच्च ओहदासम्म पुगेको स्थानीय बूढापाकाहरू बताउँछन्।

अहिले स्थानीय वासिन्दा शिक्षक विद्यालय आए/नआएको, बालबालिका विद्यालयमा उपस्थित भए/नभएको, विद्यालयमा पढाइ भए/नभएको कुरा दिनदिनै आफै विद्यालयमा उपस्थित भएर हेर्ने गर्छन्। "हाम्रा छोराछोरी पो पढ्दैनन्। विद्यालय त हाम्रै हो नि। हामीले संरक्षण नगरे कसेले गर्ने ?" विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टीका कार्कीसँगै अन्य पदाधिकारीहरू स्वरमा स्वर मिलाउँछन्। विद्यालय व्यवस्थापन समिति ९ सदस्यीय रहेको छ। ५ जना शिक्षक/शिक्षिकाले उक्त विद्यालयमा पढाउँछन्। हाल रहेका सबै शिक्षकको तलब भत्ता सरकारले नै व्यहोरेको छ। स्थानीय समुदायबाट खर्च व्यहोर्नु परेको छैन। उनीहरूको योजना वमोजिम विद्यालयमा कक्षा थप गरियो र शिक्षाको स्तर बढाएमा व्यवस्थापन समितिले थप व्ययभार सहनुपर्छ। "आवश्यक परेमा थप शिक्षक/शिक्षिकाको व्यवस्था गर्न पनि तयार छौं।" अध्यक्ष कार्की त्यस निम्ति तयार छन्।

आर्थिक वर्ष ०५९/६० मा अधिराज्यका १ सय प्राथमिक विद्यालय व्यवस्थापनको जिम्मेवारी समुदायलाई हस्तान्तरण गर्ने श्री ५ को सरकारको घोषणाबमोजिम कास्कीका ६ वटा विद्यालय समुदायमा हस्तान्तरण गरिसकिएको छ। त्यसमध्ये शीतलादेवी सामुदायिक प्रावि पनि एक हो। आर्थिक र भौतिक स्रोतको हिसाबले कास्कीका अन्य विद्यालयको तुलनामा यो विद्यालय सम्पन्न मानिन्छ। गत वर्ष विद्यालय व्यवस्थापन समितिको पहलमा श्रीमद्भागवत महापुराण महायज्ञ आयोजना गरी सो यज्ञबाट ३५ लाख चन्दा आम्दानी भएको थियो। "आवश्यक परेमा हामी थप जति पनि चन्दा संकलन गर्न सक्छौं" स्थानीय अभिभावकहरू दृढता व्यक्त गर्छन्। विद्यालयले सरकारबाट यसअघि पाउदैआएको सरकारी अनुदान पनि नियमित रूपमै उपलब्ध भइरहेको छ। समुदायले बनाएको व्यवस्थापन समितिले विभिन्न किसिमले विद्यालय सञ्चालनको निम्ति आवश्यक रकम जम्मा गर्न त लागिपरेको छ। तर भौतिक, शैक्षिक सुधारका दीर्घकालीन योजनातर्फ अग्रसर हुन भने बाँकी छ। अध्यक्ष कार्की भन्छन् "विद्यालयको भौतिक र शैक्षिक पूर्वाधारको विकास गर्न "गुरूयोजना" पनि बनाउने कार्य भइरहेको छ, गुरूयोजना बन्नासाथ हामी काम थालिहाल्छौं।"

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# पाठ्यपुस्तकको अभाव : उस्तै छ समस्या

**शिक्षा विभागले देशभरि पाठ्यपुस्तक वितरणगर्न निर्देशन दिएको दावी गरे पनि थुप्रै विकट जिल्लाका विद्यार्थीका हातमा अहिलेसम्म पुस्तक पुग्न सकेको छैन।**

**निर्जला कक्षपति**

धुलिखेलस्थित हरिसिद्धि निम्नमाध्यामिक विद्यालय कक्षा ७ मा विज्ञान विषयको पढाइ अहिलेसम्म सुरू भएको छैन। कारण, पोहोर साल नै संशोधन गरिएको पाठ्यक्रममा आधारित सो पुस्तक विद्यालयमा आइपुगेको छैन। सो विद्यालयका छात्र रमेश श्रेष्ठ भन्छन् "हामी पुरानै पाठ्यक्रममा आधारित पाठ्यपुस्तक पढ्न वाध्य भएका छौं।" शिक्षा विभागले अधिराज्यका ७५ वटै जिल्लामा पाठ्यपुस्तक पठाइसकेको दावी गरेकोछ। तर काठमाडौं देखि नजिकै रहेको धुलीखेलमास्थित हरिसिद्धि निम्नमाध्यमिक विद्यालयकै हालतलाई हेर्ने हो भन्ने पनि सरकारी दावीमा सत्यता भेटिँदैन। काठमाडौंदेखि यति नजिकको जिल्लामा त पाठ्यक्रम तथा पाठ्यपुस्तक समयमा नपुग्ने समस्या छ भने विकट पहाडी जिल्लाहरूको स्थिति के होला ? सहजै अनुमान गर्न सकिन्छ।

संशोधन गरिएको पाठ्यक्रम समयमै जिल्लामा पठाइसकेको दावी पाठ्यक्रम विकास केन्द्रले गर्छ तर हरिसिद्धि निम्नमाध्यामिक विद्यालयका प्रधानाध्यापक उर्मिला श्रेष्ठ भने संशोधन गरिएको पाठ्यक्रम र पाठ्यपुस्तक दुबै स्कुलमा आइनपुगेको बताउँछिन्। साझा प्रकाशनले चैत महिनाको आधाआधिदेखि नै जिल्लामा पाठ्यपुस्तक बिक्रीका लागि पठाएको बताएको छ। यता जनक शिक्षा सामग्रीले समयमै पाठयपुस्तक छापेको र शिक्षा विभागले पनि समयमै पाठ्यपुस्तक पठाउन निर्देशन दिएको जानकारी दिइसकेको छ। यदि शिक्षा विभागले निर्देशन दिइसकेको र साझा प्रकाशनले विक्रीका लागि पठाइसकेको भए किन सम्बन्धित जिल्लामा पाठ्यपुस्तकको अभाव छ ? भन्ने कुरा खोज्नपट्टि सरकार लागेको छैन। बरू पाठ्यपुस्तक जिल्ला जिल्ला पठाउने निर्देशन दिएको भनी ऊ जिम्मेवारीबाट पन्छिन खोजेको आभाष मिल्छ।

मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रका शिक्षकहरूले पनि पुरानो विज्ञान विषय नै पढाउन बाध्य छन्। गुणस्तरीय र समय अनुसारको शिक्षा विद्यार्थीलाई उपलब्ध गराउने उद्देश्य राखी पाठ्यक्रम विकास केन्द्रले गत सालदेखि नै कक्षा ६,७ र ८ को पाठ्यक्रम संशोधन गर्ने निर्णय गरेको हो। आगामी शैक्षिक सत्रदेखि १,२,३ कक्षाको पाठ्यक्रम संशोधन गर्ने सोच शिक्षा विभागसँग छ। यसैगरी सन् २००९/१० सम्ममा १ देखि ५ सम्मको टेष्ट किताव नै परिवर्तन गर्ने योजना पनि विभागको छ। समय अनुसार पाठ्यक्रम परिवर्तन गर्दै लाने प्रक्रियालाई शिक्षाविद्हरू सकारात्मक रूपमा लिने गर्छन्। तर दुःखको कुरा पढाइ

सुरू भएको दुई महिना बित्न लाग्दा पनि विद्यार्थीको हातमा किताव उपलब्ध छैन । काठमाडौँदेखि टाढा, विकट जिल्लाको के कुरा भक्तपुरमै पनि समयमा पाठ्यपुस्तक उपलब्ध नभएका कारण शिक्षक र विद्यार्थी दुबै अन्यौलमा परेका छन् । सकारद्वारा गत चालू आर्थिक वर्षदेखि कक्षा १ मा अनिवार्य अंग्रेजी अध्यापन गराउने उल्लेख थियो । पाठ्यक्रम विकास केन्द्रका अनुसार कक्षा १ को अनिवार्य अंग्रेजी र कक्षा ५,६ को नागरिक तथा नैतिक शिक्षा प्रकाशन गर्न जनक शिक्षालाई अहिलेसम्म निर्देशन दिइसकेको छैन । कक्षा ६ को नागरिक तथा नैतिक शिक्षाको प्रति तयार भइसकेको छ । पाठयक्रम अनुसारको पाठयपुस्तक मन्त्रिपरिषद्बाट स्वीकृति भएपछि मात्र जनक शिक्षालाई छाप्न दिर्नेशन दिने कुरा पाठ्यक्रम विकास केन्द्रको निर्देशक जगन्नाथ अवा बताउँछन् । उनका अनुसार, सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई अंग्रेजीमा दक्ष बनाउन कक्षा एकमा अनिवार्य अंग्रेजी गरिएको हो । केन्द्रको तथ्याङ्क अनुसार कक्षा १ मा वर्षेनी १३ लाख विद्यार्थी भर्ना हुने गर्छन् ।

पाठ्यपुस्तक विद्यार्थीको हातमा नपर्नुको अर्को प्रमुख कारण अभिभावकले सोधभर्नाको रकम प्राप्त गर्न नसक्नु हो । श्री ५ को सरकारले प्राथमिक शिक्षा निःशुल्क भन्दै आए पनि व्यवहारमा यो लागू हुन सकेको छैन । ४२ जिल्लामा लागू भएको नियम अनुसार अभिभावकले किताब किनेको रकम प्राप्त गर्न सकिने व्यवस्था छ । कुपन प्रणालीबाट किताब दिने व्यवस्था ३० जिल्लामा लागू छ । जस अनुसार विद्यालयले कुपन दिन्छ र त्यसको आधारमा तोकिएको पसलले किताब उपलब्ध गराउँछ । तीन जिल्लामा झापा, काभ्रे र दार्चुला जिल्लामा त कक्षा १ देखि ५ सम्म किताब पुनः प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

शैक्षिक सत्र सुरू भइसकेको दुई महिना वितिसक्दा पनि केही दुर्गम जिल्ला बाहेक सोधभर्नाको रकम वितरण हुन सकेको छैन । अघिल्लो वर्षको सोधभर्नाको भुक्तानी अभिभावकले प्राप्त गर्न नसकेका कारण आफ्ना छोराछोरीलाई किताव किन्न नसकेको गुनासो अभिभावकहरूको छ । शिक्षा विभागका महानिर्देशक सत्यबहादुर श्रेष्ठ चाहिँ मात्रा अनुरूपको बजेट विनियोजन नगरिएकाले सोधभर्नाको रकम सवैलाई वितरण गर्न नसकिएको बताउँछन् । अहिले सोधभर्नाको रकम विनियोजनका लागि अर्थमन्त्रालयसँग कुराकानी भइरहेको छ । शिक्षा विभागले सोधभर्नाको रकम भुक्तानीका लागि करिव ३५ करोड माग गरेको थियो । श्रेष्ठका अनुसार सबै जिल्लामा रकम पठाउन करिब २६ करोड रूपैयाँको आवश्यक पर्छ । तर विनियोजन भने ७ करोड ७० लाख मात्र भएको छ । सबै जिल्ला सोधभर्नाको रकम भुक्तानीका लागि १६ करोड रूपैयाँ नपुग भएका कारण भुक्तानी गर्न नसकिएको कुरा सरकारले बताएको छ ।

शिक्षा विभागको निर्देशन अनुसार साझा प्रकाशनले यो वर्ष ३३ जिल्लामा कुपन प्रणालीबाट र ४२ जिल्लामा सोधभर्नाबाट जिल्लामा पाठ्यपुस्तक पठाइसकेको छ । साझा प्रकाशन ब्यापार प्रबर्द्धन विभागका प्रमुख रामकृष्ण भण्डारीका अनुसार कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तकहरूको मात्रा लम्जुङ्ग, मनाङ्ग, मुस्ताङ्ग, बाजुरा, धादिङ, रामेछाप, दोलखा, संखुवासभा र पर्सा जिल्लाबाट पनि आएकाले आवश्यक थप गरी पठाइएको छ । धादिङ र संखुवासभा जिल्लामा कक्षा १ देखि ५ को पुस्तकको सबभन्दा बढी माग रहेको छ ।

पाठ्यपुस्तक बिक्री गर्ने जिम्मा लिएको साझा प्रकाशनले जिल्लामा माग भए बमोजिमको पठाइसकेको दावी गर्छ । साझा प्रकाशनका अनुसार जिल्लामा पाठ्यपुस्तक प्रशस्त मात्रामा पुगिसकेको छन् । तर बिक्री हुन सकेको छैन । पाठ्यपुस्तक छाप्ने जनक शिक्षा सामग्रीले पनि अर्डर बमोजिमको पुस्तक प्रशस्तै मात्रामा छापेको पाठ्यपुस्तक तयार पार्ने पाठ्यक्रम विकास केन्द्रले पनि समयमै पाठ्यक्रम सूची तयार पारेको जानकारी दिन्छ । तर यी संस्थाहरूवीच एक आपसमा समन्वय भएको पाइँदैन । समन्वय नभएकै कारण विद्यार्थीले अझैसम्म पाठ्यपुस्तक प्राप्त गर्न सकेका छैनन् ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# शैक्षिक सुधार तर्फको अग्रसरता

**विद्यालय समुदायको जिम्मामा दिइएपछि स्वतः शैक्षिक सुधारतर्फ उन्मुख हुन्छ भन्ने कुराको पुष्टि सुर्खेतका हस्तवीर र जनजागृत प्राविले गरेका छन् ।**

**कलेन्द्र सेजुवाल**

गत जेठमा सुर्खेत जिल्लामा रहेको राष्ट्रिय प्रस्तावित निमावि भवनको छाना हुरीले उडायो । हुरीले उडाएको छानो छाउने कार्यमा विद्यालय व्यवस्थापन समितिकै पदाधिकारी समेत लागि परे । तर त्यस क्रममा स्वयं व्यवस्थापन समितिका पदाधिकारी ले पनि अन्य कामदारसरह ज्याला लिए । सो समितिका अध्यक्ष बलबहादुर थापा र सदस्य सन्तबहादुर थापाले श्रम बापत भनी ज्याला लिएका थिए । कुनै पनि श्रम वापत ज्याला लिनु स्वाभाविक हो, तर विद्यालयले समुदायको सहयोग र संरक्षण खोजिरहेको अवस्थामा जिम्मेवार पदमा रहेका व्यक्तिले बचेखुचेको विद्यालयको स्रोतबाट पारश्रमिक लिनुले समाजमा गलत सन्देश प्रवाह हुन सक्छ । यसले समाजमा विद्यालयप्रतिको सहयोगको भावनामा अभिवृद्धि हुनुको साटो घटेर जान्छ । समुदाय सार्वजनिक विद्यालयप्रति प्रतिवद्ध नभएको एउटा उदाहरण हो यो । सायद सरकारी विद्यालयप्रति समुदायले चासो दिन छोडने कारण सरकारले विद्यालय समुदायलाई हस्तान्तरण गर्ने नीति लिएको हुनुपर्छ ।

यही नीति अनुरूप सुर्खेतमा अहिले दुईवटा प्राथमिक विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गरिएको छ। हस्तविर प्रा.वि. र जनजागृत प्रावि, पदमपुर अहिले समुदायको जिम्मा लगाइएको छ। हस्तविर प्राथमिक विद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद दाहाल भन्छन "समुदायले विद्यालय आफनो जिम्ममा नलिदासम्म प्रगती हुने नदेखेरै हामीले विद्यालय को सुधारको लागि सिंगो समुदाय नै प्रयासरत छ।" केही महिना अघिसम्म विद्यालयको व्यवस्थापन र प्रशासन दुवै चलाउनुपर्दा दिक्क भएका प्र.अ.दाहाल अब समुदायनै विद्यालय संचालनमा सक्रिय हुन थाले पछि खुसि छन्। "सबै समुदाय यस्तै भइदिए त नेपालमा बोर्डिङ्ग स्कुलको आवश्यकता नै पर्ने थिएन " उनले भने।

अभिभावक भेलाद्धारा चुनिएको विद्यालय व्यवस्थापन समितिका सदस्य नन्दा पौडेल पानी पर्दा चुहिएर बन्द हुने अवस्थाको विद्यालय अहिले निकै सुधारिएको बताउँदै भन्छिन्, "विद्यालय भौतिक तथा शैक्षिक स्थितिमा सुधार ल्याउन समिति आफै जुटेको छ।" अहिलेसम्म समितिले जिविस सुर्खेतबाट ४० हजार र वीरेन्द्रनगर नपाबाट १५ हजार रू. भवन निमाणको निम्ति जुटाएको छ। त्यस्तै स्याक नामक एउटा गैससले स्कुलको निम्ति लिथोमेसिन किनिदिएको छ। समुदायले विद्यालय सुधारको लागि गरेको यो प्रयास पहिलो र ठूलो भएको प्रअ दाहाल बताउँछन्।

समुदायमा हस्तान्तरण भएको अर्को विद्यालय जन जागृत प्रावि पदमपुर पनि सुधारोन्मुख अवस्थामा छ। समुदायले जिम्मा लिएपछि शिक्षक/शिक्षिका अनुशासित भएको बताउँदै व्यवस्थापन समितिका अध्यक्ष प्रकाश खड्का भन्छन् "समुदायको लागि समुदायले नै विद्यालय सञ्चालन गर्ने यो सोचलाई प्रभावकारी रूपले कार्यान्वयन गर्न सकेको खण्डमा शिक्षा क्षेत्रले ठूलो फड्को मार्न सक्छ।" व्यवस्थापन हस्तान्तरण पश्चात समुदायका मान्छेहरू समय समयमा विद्यालयको छड्के जाँच गर्न जाने भएकाले शिक्षकहरू मनपरी गर्नबाट वञ्चित भएको उनले बताए।

विद्यालय संचालन मूल समितिका अतिरिक्त खेलकुद, निर्माण, अनुगमन र खाजा व्यवस्थापन उपसमितिहरू गठन भएकाले चौतर्फी विकासमा टेवा पुगेको अनुभव श्रोत परिचालन समितिक संयोजक जयकृष्ण हमालको छ। सरकाले हस्तान्तरण गरे लगतै भौतिक संरचना सुधारको लागि दिने भनेको १ लाख रूपैयाँ नदिदा भने समुदाय अलमल्ल परेको छ। सरकाले तयार पारेको यो नीति स्वागतयोग्य भएपनि अधिकांश समुदाय नीति प्रति अनभिज्ञ रहनुले यो कार्यान्वयन हुन अझै धेरै समय लाग्ने देखिन्छ। नेरा प्रनिमावि कालपानी मोहटीका शिक्षिका शान्ता कडेलको आरोप छ "सरकारले यसको बहानामा जिम्मेबारीवाट पन्छिदै प्रयास गर्दैछ।"

तर समुदायद्धारा व्यवस्थापन हुने विद्यालय संचालन कार्य निर्देशिका २०५९' मा हाल विद्यलायले पाउदै आएको अनुदानमा कटौती नगरिने बरू समुदायलाई एकमुष्ट प्रदान गरिने उल्लेख भएबाट सरकारले समुदायलाई अधिकार र उत्तरदायीत्व मात्र सुम्पिन खाजेको जिल्ला शिक्षा अधिकारी नन्दराज पन्त बताउछन। व्यवस्थापन जिम्मा समुदायमा गएपछि मनपरी गर्न नपाउने भएकाले शिक्षकहरूले नै नीति कार्यान्वयनमा बाधा पुऱ्याएको आरोप जिशिअ पन्तको छ। उनी भन्छन् "सुर्खेतका साढे चार सय विद्यालयमध्ये २ वटा मात्रै समुदायको हस्तान्तरणको लागि निवेदन दिन भनेको शिक्षको दोष हो।"

जिशिअ पन्तको यस आरोपप्रति शिक्षकहरू सहमत छैनन्। उनीहरू सरकार जिम्मेवारीबाट पन्छिन खोजेको बताउँछन्। उनीहरू सो नीतिकै विरूद्धमा खुलेरै लागेका पनि छन्। नेपाल राष्ट्रिय शिक्षकसंगठन सुर्खेतमा अध्यक्ष डण्डीप्रसाद शर्मा भन्छन् "यो नीति सरासर गलत छ। यसले सरकार जिम्मेबारीबाट पन्छिने त छँदैछ, शिक्षालाई समेत नीजिकरणको दुष्चक्रमा फसाउँदैछ।" निर्देशिकामा प्रचलित सरकारी अनुदान यथावन राख्ने उल्लेख भएतापनि केही वर्ष भित्रै सो अनुदान अपुग हुन गई समुदायले ठूलो नोक्सानी व्यहोर्नुपर्ने उनको दावी छ। व्यवस्थापन हस्तान्तरण नीतिका बारेमा समुदाय र विद्यालय अझैसम्म अनभिज्ञ रहेको समेत अध्यक्ष शर्माले बताए।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

⁂